# “सिद्धार्थ बैंकको बारेमा प्रसारित भ्रमपुर्ण सामाग्री खण्डन सम्बन्धमा”

असार २३, २०८३, काठमाडौं ।

यस सिद्धार्थ बैंकको मनिग्राम शाखा कार्यालयबाट कर्जा उपभोग गर्ने विभिन्न ऋणीहरुको नाम लिई दिलिप सिंह ओली नाम गरेका व्यक्ति लगायत अन्य व्यक्तिहरु समेत सामेल भई कर्जा प्रवाह तथा बैंकको कर्जा असुलीको नियमित कारवाहीलाई ओझेलमा पार्ने गरी बैंक व्यवस्थापन, विभिन्न तहमा कार्यरत कर्मचारी उपर अनावश्यक आक्षेप लगाउने, भ्रम सिर्जना गर्ने एवं यस बैंक लगायत सम्पुर्ण बैंकिङ्ग प्रणालीको विश्वसनीयतामा आँच पुऱ्याउने उदेश्यकासाथ विगत केहि दिनदेखि सामाजिक संजाल एवं अनलाईन मिडियामा भ्रामक व्यहोराको प्रचार सामाग्री निर्माण, प्रशारण तथा सम्प्रेषण गर्ने एवं पत्रकार सम्मेलन गर्ने लगायतका काम कारवाही प्रति यस बैंकको गम्भीर ध्यानाकर्षण भएको छ ।

निज दिलिप सिंह ओली नाम गरेका व्यक्ति यस बैंकको निक्षेप तथा कर्जा ग्राहक नभएको जानकारी गराउँदछौं ।

बैंकले कर्जा प्रवाह गर्दा वा असुली प्रकिया अवलम्बन गर्दा नियम सम्मत रुपमा कार्य गर्दै आईरहेको छ । त्यसैगरी, निज व्यक्तिहरुले नाम उल्लेख गरेको विभिन्न ऋणीहरुको नाममा यस बैंकबाट कर्जा प्रवाह गर्दाको अवस्थामा अन्य ऋणीहरुको नाममा कर्जा स्वीकृत हुँदा अवलम्बन हुने सरह एकै किसिमको प्रक्रिया अवलम्बन गरिएको, ती उल्लेखित ऋणीहरुमध्ये कतिपय ऋणीहरुको कर्जा अनियमित भई बैंकले कर्जा असुलीका लागि विद्यमान व्यवस्था बमोजिम अवलम्बन गर्नुपर्ने कर्जा असुलीको प्रकिया अवलम्बन गरेपश्चात बारम्बार ती ऋणीहरुसंग सम्बन्धित व्यक्ति भनी यस बैंक व्यवस्थापन तथा बैंकमा कार्यरत विभिन्न तहको कर्मचारीहरुको नाम, तस्विर प्रयोग गरी बैंक तथा बैंकसंग सम्बन्धित व्यक्तिको मानमर्दन हुने व्यहोरा उल्लेख गरी प्रेषित गरिएका त्यस्ता भिडियो तथा अन्य प्रचार समाग्रीहरु बैंकको कर्जा असुली प्रकियालाई विषयान्तर गर्ने उदेश्यका साथ आएको देखिँदा त्यसरी अनाधिकृत रुपमा प्रचार गरिएका विषयहरुमा कुनै सत्यता नभएको एवं त्यस्ता भ्रामक सूचनामा विश्वास नगर्नुहुन सम्बन्धित सबैलाई अनुरोध गर्दछौं ।

बैंकले प्रदान गर्दै आईरहेको सेवा एवं बैंकबाट प्रवाह भएको कर्जाको सम्बन्धमा कुनै गुनासो वा कैफियत भएमा बैंकको आन्तरिक गुनासो सुनुवाई गर्ने संयन्त्रमा गुनासो गर्न सकिने, सो उपर चित्त नबुझेमा नेपाल राष्ट्र बैंकको गुनासो सुनुवाई इकाईमा गुनासो गर्न सकिने एवं सो उपर समेत चित्त नबुझेमा प्रचलित कानूनी व्यवस्था बमोजिम उपचार खोज्न सकिनेमा विद्यमान कानूनी व्यवस्था एवं प्रक्रियालाई वेवास्ता गरी बैंकको प्रतिष्ठामा आँच पुऱ्याउने किसिमले भए गरेको यी र यस्ता कार्यहरु नगर्नु नगराउनुहुन एवं आगामी दिनमा विना आधार बोलिएको विषयहरु सम्प्रेषण गर्नुपुर्व सत्य तथ्य एवं यस बैंकको आधिकारिक धारणा बुझेर मात्र भिडियो, समाचार तथा विवरणहरु प्रकाशन एवं प्रशारण गर्नुहुन समेत सम्बन्धित सबैमा बैंक अनुरोध गर्दछ ।